बैठक - ५१

आज मिति २०७६/०७/२७ गते साझ ४ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1. | राधेश्याम चौधरी | अध्यक्ष | [signature] |
| 2. | श्री उतमा कुमारी राय | उपाध्यक्ष | [signature] |
| 3. | भेषनारायण चौधरी | सदस्य | [signature] |
| 4. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| 5. | अणेन्द्रनाथ राय | सदस्य | |
| 6. | छोटेलाल यादव | सदस्य | |
| 7. | दिनेश सहानी केवट | " | [signature] |
| 8. | कैलास यादव | " | [signature] |
| 9. | हयात खाँ धुनिया | " | [signature] |
| 10. | छिमादेबी चौधरी | " | [signature] |
| 11. | चन्दादेवी चौधरी | " | [signature] |
| 12. | जन्त्री केवटिन | " | [signature] |
| 13. | विन्दादेनी धोवी | " | [signature] |
| 14. | जोखु प्रसाद कहार | " | [signature] |
| 15. | श्री सुनिता हरिजन | " | [signature] |
| 16. | श्री झविश्वर रेग्मी | " | [signature] |
| 17. | नारायण पाण्डेय | आमन्त्रित | [signature] |
| 18. | तुल्सी प्रसाद अधिकारी | " | |
| 19. | नरेश कोहार | " | [signature] |
| 20. | राजन वस्याल | " | [signature] |
| 21. | टंकनाथ ज्ञवाली | " | [signature] |
| 22. | देशकान्त वस्याल | " | [signature] |
| 23. | | | |

प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - मेलमिलाप कक्षमा भएको घटना सम्वन्धमा ।**

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गा.पाको मेलमिलापकक्षमा मिति २०७६/०७/१९ गते भएको घटनाको विस्तृत व्यहोरा वैठकमा जानकारी गराईयो ।

**प्रस्ताव नं. २ - सार्वजनिक विदा अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०७६ साल कार्तिक २४ गते मुस्लिमहरुको महान चाड मोहम्मद जयन्तीको अवसरमा सार्वजनिक विदा दिईएकोमा उक्त विदा अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - अवकास रकम प्रदान सम्वन्धमा ।**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा साविक वडहरा दुवौलिया गा.वि.स सुरुको समयमा करार सम्झौतामा र वि.सं. २०६४ सालदेखी स्थानिय स्वायत्त शासन ऐन अनुसार स्थानिय सेवाको स्थुयी नियुक्ती भई कामकाज गर्दै आउनुभएका कार्यालय सहायक विरेन्द्र कुमार चौधरी यहि मिति २०७६/०५/०४ गतेदेखी ५८ वर्ष पुरा भई अनिवार्य अवकास हुनुभएकोले निजलाई अवकास रकम प्रदान गर्न हाल स्थानिय स्वायत्त शासन ऐन क्रियाशिल नरहेको साथै नया ऐन समेत जारी भइनसकेको सन्दर्भमा निज सेवा प्रवेश गर्दाको समयको ऐन अर्थात स्थानिय स्वायत्त शासन ऐन अनुसार पाउनुपर्ने सम्पुर्ण सुविधा सहित अवकास रकम प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - विपद राहत रकम सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यसै वर्ष पहिरोमा परी पुरै गाउ नै सखाप भइ विपदको अवस्थामा रहेको गुल्मी जिल्लाको सत्यवती गाउपालिका द्वारा विपद उद्दारको लागी एवं पुनस्थापनको लागि समग्र देश एवं विदेशवाट सहयोग माग गरेकोमा यस गा.पाको तर्फवाट रु.५० हजार उपयुक्त शिर्षकवाट उक्त गा.पाको सञ्चित मुल कोषमा सहयोगस्वरुप प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - सडक वोर्डको मर्मत सम्भार आयोजना छनौट सम्वन्धमा ।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गा.पा अन्तर्गत रहेको सडक मध्ये जिर्ण अवस्थामा रहेको सडक मर्मतको लागी आयोजना माग भई आएकोमा सोको लागी सरावल-५ स्थित् रोशन ज्योती ईङ्गलिस वोर्डिङ स्कुल जाने सडक छनौट गर्ने निर्णय गरियो । साथै सोको लागी आवश्यक् प्रकृया पुरा गरी रकम माग गर्न कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - उद्योग वाणिज्य संघ नवलपरासीको सहयोग प्रस्ताव सम्वन्धमा ।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा उद्योग वाणिज्य संघ नवलपरासीको आयोजनामा नवलपरासीको रामग्राम न.पामा आयोजना हुन लागेको वृहत प्रदर्शनीमा सहआयोजक भई सहयोग प्रदान गरिदिन आग्रह गरी निवेदन पेश भएकोमा सो प्रदर्शनीवाट यस गा.पाका जनताहरु समेत लाभान्वित हुने भएकोले कार्यक्रमको सफलताको शुभकामना सहित रु पचास हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ - वडा नं. १ मा वालमैत्री वडा निर्माण तयारी सम्वन्धमा ।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा सम्भव भएसम्म छिटो सरावल गा.पा बालमैत्री वडा घोषणा गर्ने कार्यक्रम रहेको र सोको लागी यस आ.व मा वडा नं. १,२ र ३ लाई वालमैत्री वडा घोषणा गर्ने कार्यक्रम रहेकोले सोको तयारीको लागी एक स्वयंसेवक सहजकर्ता खटाई परिचालन गर्ने सोही स्वयंसेवक मार्फत कार्यक्रमहरु आगाडी वढाई आवश्यकता अनुसार अन्य जनशक्ती परिचालन गर्दै सुचक पुरा गर्ने एवं वालमैत्री वडा घोषणाको तयारी तिव्र पार्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ - वडा नं. १ स्थित ज्ञानोदय प्रा.वि को भवन उपयोग सम्वन्धमा ।**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. १ स्थित श्री ज्ञानोदय प्राविमा विद्यार्थी अभावमा विद्यालय मर्ज भई भवन खाली रहेकोले उक्त भवन वडा कार्यालयको संरक्षणमा रहने कुनै सामाजिक संघसंस्थाले सार्वजनिक उपयोगका निमित्त प्रयोगको लागी माग भइ आएमा सम्झौता गरी निश्चित समयको निमित्त प्रयोग गर्न दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ - जिल्ला सहकारी संघवाट सुनवल-२ मा निर्माण हुन लागेको शितभण्डारको लागी शेयर सम्वन्धमा ।**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा जिल्ला सहकारी संघको पहलमा सुनवल न.पा वार्ड नं. २ मा निर्माण हुन लागेको शितभण्डारको लागी शेयर विक्रि भएको र शेयर खरिदको लागी पत्राचार भइ आएकोमा उक्त शितभण्डारवाट यस सरावल गा.पाका जनता प्रत्यक्ष लाभान्वित हुन सक्ने आकलन गरी सोको शेयर खरिद गर्न आवश्यक रकम विनियोजनका निमित्त सरावल पालिकाको अव हुने गाउसभामा छलफल गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० - सरावल-७ को विश्व वौध्द सम्मेलनको लागी आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं. १०** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ७ मा गठित वौध्द धम्म परिषद नेपालको आयोजनामा विश्व वौध्द सम्मेलन आयोजना हुन लागेको र सोको लागी आवश्यक रकम विनियोजन गरिदिन जनाई उक्त संस्थाले निवेदन पेश गरेकोले सहयोगको सम्वन्धमा एकिन गरी कार्यक्रमको औचित्य र प्रभावकारीता हेरी रकम विनियोजन गर्ने गा.पा अध्यक्षलाई जिम्मा दिने र सोहीवमोजिम गर्ने निर्णय गरियो ।